# कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५

(मिति २०७६/०८/२ गते मन्त्रीस्तरबाट पहिलो संसोधन)

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## गण्डकी प्रदेश

## पोखरा, नेपाल

# कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५

**प्रस्तावना:**[1] गण्डकी प्रदेशमा कृषि क्षेत्रको दीगो विकासको लागि कृषकको आय र प्रतिफलका आधारमा विशेष लक्षित कार्यक्रम सञ्चालन गर्न; सरकारी श्रोत साधनको न्यायोचित र प्रभावकारी वितरण गरि वास्तविक कृषक लाभान्वित हुने सुनिश्चितता कायम राख्न तथा कृषि विकासका कार्यक्रम सञ्चालन प्रक्रियालाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन कृषकको पहिचान तथा वर्गीकरण गर्न वाञ्छनीय भएकोले;

गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस कार्यविधिको नाम "कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५" रहेको छ ।

२) यो कार्यविधि गण्डकी प्रदेशभर तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कृषक" भन्नाले दफा ३ बमोजिम परिभाषित व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्छ ।

ख) "कृषि पेसा" भन्नाले प्राथमिक कृषिजन्य उत्पादन कार्यमा मात्र संलग्न रहेको पेसा सम्झनुपर्छ, तर कृषि सामाग्री उत्पादन, वितरण तथा प्राथमिक उत्पादनको बिक्री वितरण, प्रशोधन तथा अन्य व्यवसायमा मात्र संलग्न रहेको पेसालाई कृषि पेसा भनिने छैन ।

ग) "कृषक वर्ग वा वर्गीकरण" भन्नाले दफा ४ बमोजिमको कृषक वर्ग वा वर्गीकरण भन्ने सम्झनुपर्छ ।

घ) 'स्थानीय तह' भन्नाले गाउँपालिका वा नगरपालिका भन्ने सम्झनुपर्छ । सो शब्दले सम्बन्धित उपमहानगर र महानगरपालिका समेत बुझाउँदछ ।

ङ) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालयलाई जनाउँदछ ।

च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## कृषकको परिभाषा तथा वर्गीकरण

**३. कृषकको परिभाषा:**[2] १) कृषक भन्नाले कृषिलाई मुख्य पेसा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनुपर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ ।

२) कृषक कृषि पेसाको व्यवसायीकरण प्रयासमा निरन्तर संलग्न रही रहेको हुनुपर्दछ ।

---

[1] पहिलो संसोधन

[2] पहिलो संसोधन

**४. कृषक वर्गीकरण सम्बन्धि व्यवस्था:**[3] क) कृषकको वर्गीकरण देहाय बमोजिमको मापदण्ड बमोजिम हुने छ ।

| क.सं. | कृषकको वर्ग | वार्षिक लगानी कम्तिमा | मासिक आम्दानी कम्तिमा | दक्षता र प्रविधि | रोजगारी कम्तिमा | पारिवारिक खर्चमा योगदान |
|---|---|---|---|---|---|---|
| १. | उद्यमी कृषक | १ करोड | २ लाख | तालिम प्राप्त र अत्याधुनिक प्रविधि, यान्त्रिक | १५ जना | १०० % |
| २. | ठूला कृषक (व्यवसायिक) | ५० लाख | १ लाख | तालिम प्राप्त र उन्नत प्रविधि , यान्त्रिक | ९ जना | १००% |
| ३. | मध्यम कृषक (व्यवसाय उन्मुख) | १० लाख | २० हजार | तालिम प्राप्त र मिश्रित प्रविधि , यान्त्रिक | ५ जना | १०० % |
| ४. | साना कृषक (जिविकोपार्जन र निम्न खेती) | ५ लाख | १० हजार | सामान्य प्रविधि | स्वरोजगार | कम्तिमा ५०% |
| ५. | भूमिहिन श्रमिक कृषक (ज्यालादारी र निर्वाहमुखी) | — | १० हजार भन्दा कम आय | परम्परागत | श्रम योगदान | कम्तिमा ४०% |

ख) उपदफा क) बमोजिमको आधारहरु बमोजिम कृषक वर्ग छुट्याउन नसकिने अवस्था भएमा मासिक आम्दानीलाई मात्र आधार मानी सोही मापदण्ड बमोजिम कृषक वर्गीकरण गर्न वाधा पर्ने छैन ।

## परिच्छेद ३

## कृषकको पहिचान, अभिलेखीकरण र परिचयपत्र वितरण

**५. कृषक वर्ग पहिचान, अभिलेखीकरण र परिचयपत्र वितरण**[4] १) नेपाली नागरिकता प्राप्त कुनै पनि व्यक्तिले स्थायी वा अस्थायी रुपले बसोबास गरी कृषि पेसामा संलग्न रहेको वडा कार्यालयमा अनुसूची १ बमोजिम कृषकको पेसागत विवरण फाराम २ प्रति भरी अनुसूची २ बमोजिमको निवेदन सहित पेश गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम पेश हुन आएको विवरण चेकजाँच गरी वडा कार्यालयले उचित ठहर्याएमा दर्ता गरी कृषकको पेसागत विवरण फारामको कृषक परिचय पत्र नं महल तथा कृषक वर्गीकरण महलमा उपयुक्त सङ्ख्या तथा कृषक वर्ग भरि सम्बन्धित स्थानीय तहमा प्रमाणीकरणको लागि पेश गर्नुपर्नेछ । कृषकको पेसागत विवरणको एक प्रति वडामा अभिलेखको लागि सुरक्षित राख्नुपर्नेछ ।

३) कृषक परिचय पत्र नं महल भर्ने विधि अनुसूची ३ बमोजिम हुनेछ भने कृषक वर्गीकरण महलमा दफा ४ को मापदण्ड बमोजिम कृषकले निवेदन साथ पेश गरेको कृषकको पेसागत विवरण अनुसार जुन वर्गमा पर्न आउँछ सो वर्ग उल्लेख गर्नुपर्नेछ ।

---

[3] पहिलो संसोधन

[4] पहिलो संसोधन

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश सरकार गण्डकी प्रदेश पोखरा

४) स्थानीय तहबाट प्रमाणीत भएको कृषकको पेशागत विवरण अनुरुप सम्बन्धित स्थानीय तहको कृषि क्षेत्र हेर्ने शाखाले मन्त्रालयले निर्दिष्ट गरेको विधि र ढाँचा अनुसारको कृषक परिचयपत्र सम्बन्धित कृषकलाई वितरण गर्नुपर्नेछ साथै परिचय पत्रको एक प्रति सोहि शाखामा अभिलेखको लागि सुरक्षित राख्नुपर्नेछ ।

<u>**६. कृषक विवरण अद्यावधिक तथा परिचयपत्र नविकरण:**</u>[5] कृषक परिचयपत्र प्राप्त भएको मितिले तीन वर्ष पुगेको तीन महिना भित्र कृषक पेशागत विवरण अद्यावधिक गर्नुपर्नेछ तर कृषकले आफ्नो व्यवसायको आकार (कृषकको वर्ग) परिवर्तन भएमा सो समय अगावै अद्यावधिक गर्नु पर्नेछ ।

२) वडा कार्यालयले अद्यावधिक भएको कृषक विवरण सुरुको प्रक्रिया बमोजिम नै दर्ता गरी सम्बन्धित स्थानीय तहमा प्रमाणिकरण तथा कृषक परिचयपत्र नविकरणको लागि पेश गर्नुपर्नेछ ।नविकरण भएको कृषक परिचयपत्र सुरु प्रक्रिया बमोजिम नै स्थानीय तहको कृषि क्षेत्र हेर्ने शाखाले सम्बन्धित कृषकलाई वितरण गर्नुपर्नेछ ।

## परिच्छेद ४

## <u>विविध</u>

<u>**७. दर्ता तथा अद्यावधिक गर्ने शुल्क सम्बन्धि व्यवस्था:**</u>[6] क) यस कार्यविधि बमोजिम सम्बन्धित वडा कार्यालयले कृषकको पेशागत विवरण दर्ता तथा अद्यावधिक गर्दा कृषकको वर्ग अनुसार भूमिहिन श्रमिक कृषक तथा साना कृषकलाई नि:शुल्क, र अन्य वर्गका कृषकलाई सम्बन्धित स्थानीय तहले तोकेबमोजिमको शुल्क लिनुपर्नेछ ।

<u>**८. प्राथमिकिकरण गर्नुपर्ने:**</u> प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालन हुने कृषिसँग सम्बन्धित सबै कार्यक्रमहरु सञ्चालन गर्दा कुन वर्गको कृषकलाई लक्षित गर्ने हो, सोको अग्रिम यकीन गरी सो वर्गका कृषकहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

<u>**९. अभिलेख राख्ने जिम्मेवारी:**</u>[7] यस कार्यविधि बमोजिमको कृषक विवरण तथा कृषक परिचयपत्रको अभिलेख राख्ने र प्रदेश सरकार तथा संघीय सरकारलाई विवरण उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको कृषि क्षेत्र हेर्ने शाखाको हुनेछ ।

<u>**१०. कृषक परिचय पत्र नं र कृषक वर्ग उल्लेख गर्नुपर्ने:**</u> यस कार्यविधि लागु भएपछि दर्ता हुने कृषक समुह वा कृषि सहकारीका सबै सदस्यहरुले सम्भव भएसम्म आफ्नो कृषक परिचय पत्र नं तथा वर्ग उल्लेख गरी दर्ता गर्नुपर्ने छ भने दर्ता भइसकेका कृषक समुह वा कृषि सहकारीले नवीकरण गर्ने क्रममा क्रमशः कृषक परिचय पत्र नं. तथा वर्ग अद्यावधिक गर्दै जानुपर्नेछ ।

<u>**११) बाधा अड्काउ फुकाउ:**</u> यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

<u>**१२) संशोधन:**</u> यस कार्यविधि मन्त्रलायले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

[5] पहिलो संसोधन
[6] पहिलो संसोधन
[7] पहिलो संसोधन

अनुसूची १

(दफा ५(१) सँग सम्बन्धित)

## कृषकको पेसागत विवरण(वडा कार्यालयमा भर्ने)

PHOTO

कृषक परिचय पत्र नं.

| ४ | | | | | |
|---|---|---|---|---|---|

वडाको कृषक दर्ताक्रम संख्या:

नाम(परिवारमा १ जनाको ):

ठेगाना: जिल्ला: पालिका: वाड नं:

मुख्य पेशा: कृषि, मुख्य बाली/बस्तु: सम्पर्क नं.: ना.नम्बर/जिल्ला :

| परिवार सङ्ख्या: | १८ वर्ष मुनिका: | १८ वर्ष देखि ५९ वर्ष सम्म: | ६० वर्ष देखि माथि: | कैफियत (अशक्त /अपाङ्ग ) |
|---|---|---|---|---|
| महिला | | | | |
| पुरुष | | | | |

खेतीमा संलग्न परिवार सङ्ख्या: पुरै समय रोजगार सङ्ख्या: आंशिक रोजगार सङ्ख्या:

**व्यवसायिक विवरण**

| क्र.सं. | व्यवसाय बाली पशुपंछी,अन्य | क्षेत्रफल वा सङ्ख्या | उत्पादन परिमाण | उत्पादन मुल्य | सञ्चालनमा आएको मिति | सहयोगी निकाय वा संस्था र रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

जम्मा वार्षिक लगानी रु. वार्षिक कारोवार रु.

सरदर मासिक आम्दानीरु. पारिवारिक मासिक खर्च रु.

कृषि आम्दानीको योगदान प्रतिशत: व्यवसाय सञ्चालनको वर्ष:

**अन्य व्यवसायमा रोजगारी र आम्दानी**

| क्र.सं. | व्यवसाय | रोजगार सङ्ख्या | वार्षिक आम्दानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**आगामी योजनाहरु .....**

१.

२.

३.

प्रस्तुत गरिएका सबै कुरा सत्य हुन, झुठा ठहरीएमा कानून बमोजिम सहुँला, बुझाउँला। कृषि पेसा छाडेको १ महिना भित्र सम्बन्धित वडामा जानकारी गराउने छु ।

दायाँ वायाँ

**कार्यालय प्रयोजनको लागि**

कृषक वर्गीकरण:-------------

पेश गर्नेको सही:

नाम:

पद:

मिति:

वडाको तर्फबाट

सिफारिस गर्नेको सही:

नाम:

पद:

मिति:

स्थानीय तहको तर्फबाट:

प्रमाणीत गर्नेको सहि:

नाम:

पद:

मिति:

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसूची २

(दफा ५(१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

| रु. १० को टिकट |
|---|

मिति.......................................

श्रीमान् वडा अध्यक्ष ज्यू

.........................................गाउँ/नगर/उप/महानगरपालिका

वडा नं ..................को कार्यालय

विषयः कृषकको रुपमा दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा गण्डकी प्रदेशको कृषक पहिचान तथा वर्गीकरण कार्यविधि, २०७५ बमोजिम दर्ता हुनको लागि अनुसूची १ बमोजिमको मेरो पेसागत विवरण भरी देहायका काजगात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको हस्ताक्षर ........................

निवेदकको नामः ........................................................................

ठेगानाः..................................................................................

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

संलग्न कागजातहरुः

१. अनुसूची १ बमोजिमको कृषक पेसागत विवरण फाराम थान २
२. नागरिकताको छायाँप्रति थान १
३. व्यवसाय दर्ता प्रमाणपत्रको छायाँ प्रति थान.......
४. PAN/VAT मा दर्ता प्रमाणपत्रको छायाँ प्रति थान......
५. कृषक समुह वा सहकारीमा आवद्ध भएको भए सो को प्रमाणपत्र थान.........
६. अन्य सान्दर्भिक कागजात केही भए उल्लेख गर्नेः ..................................

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

अनुसूची ३

(दफा ५(३) सँग सम्बन्धित)

## कृषक परिचय पत्र नं तथा कृषक वर्ग भर्ने तरिका

१. कृषक परिचय पत्र महलमा ५ वटा कोठा छन् ।

२. पहिलो कोठाले गण्डकी प्रदेशको कोड जनाउँछ र यसमा अङ्क ४ लेख्नुपर्छ ।

३. दोस्रो कोठाले गण्डकी प्रदेशका ११ जिल्लाको कोड जनाउँछ ।यस कोठामा अङ्क १ देखि अङ्क ११ मध्ये जिल्लाको क्रमानुसारको एउटा अङ्क भर्नुपर्छ ।

४. तेस्रो कोठाले गण्डकी प्रदेशका ८५ स्थानीय तहको कोड जनाउँछ । यस कोठामा अङ्क १ देखि अङ्क ८५ मध्ये स्थानीय तहको क्रम अनुसारको एउटा अङ्क भर्नुपर्छ ।

५. चौथो कोठाले सम्बन्धित स्थानीय तहको वडा नम्बर जनाउँछ । यसमा जति नम्बरको वडामा कृषक दर्ता हुने हो सोही वडा नम्बर अङ्कमा भर्नुपर्छ ।

६. पाँचौ कोठामा निवेदक कृषकको दर्ता क्रमानुसार शुरुको ००००१ देखि बढाउदै लानु पर्छ । यदि कुनै कृषकको दर्ता नवीकरण नगरी वा अन्य कारणले खारेजी भएमा निजको परिचय पत्र सङ्ख्या यथावत नै राखी अन्यको अङ्क बढाउँदै लानुपर्छ ।

७. यसरी अङ्क भर्दा जिल्ला तथा स्थानीय तहको क्रम सङ्ख्या नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, संघीय मामिला शाखाबाट प्रकाशित गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका,२०७४ मा उल्लेखित गण्डकी प्रदेशभित्र पर्ने जिल्ला तथा गाउँपालिका, नगरपालिका, उपमहानगरपालीका, महानगरपालिकाको क्रमसङ्ख्या अनुसार भर्नुपर्नेछ । यसको क्रम देहायबमोजिम रहेको छ ।

उदाहरणको लागिः पुतलीबजार नगरपालिकाको वडा नं १४ को कुनै कृषक दर्ता हुन ३५ औं नम्बरमा आएमा नीजको कृषक परिचय पत्र नं यस प्रकार हुने छः

| | | | | |
|---|---|---|---|---|
| ४ | ४ | ३२ | १४ | ०००३५ |

प्रदेश कोडः ४

जिल्ला कोडः ४

नगरपालिका कोडः ३२

वडा नः १४

शुरु देखिको कृषक दर्ता क्रमः ३५

तसर्थ कृषक परिचय पत्र नं ४४३२१४०००३५ हुने भयो ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा संख्या | | | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | नपाको जम्मा वडा | गापाको जम्मा वडा | | |
| १. | १. गोरखा | गोरखा नगरपालिका | १४ | २४ | ७० | ४९२७२ | १३१.८६ |
| २. | | पालुङ्गटार नगरपालिका | १० | | | ३८१७४ | १५८.६२ |
| ३. | | सुलीकोट गाउँपालिका | ८ | | | २५३८९ | २००.६३ |
| ४. | | सिरानचोक गाउँपालिका | ८ | | | २३६२८ | १२१.६४ |
| ५. | | अजिरकोट गाउँपालिका | ५ | | | १४८०२ | १९८.०५ |
| ६. | | आरुघाट गाउँपालिका | १० | | | २३८८७ | १६०.७९ |
| ७. | | गण्डकी गाउँपालिका | ८ | | | २३२५३ | १२३.८६ |
| ८. | | चुमनुब्री गाउँपालिका | ७ | | | ६९२३ | १६४८.६५ |
| ९. | | धार्चे गाउँपालिका | ७ | | | १३२२९ | ६५१.५२ |
| १०. | | भिमसेन गाउँपालिका | ८ | | | २२०३३ | १०१.२५ |
| ११. | | शहीदलखन गाउँपालिका | ९ | | | २७५५५ | १४८.९७ |
| १२. | २. लमजुङ | बेंशीसहर नगरपालिका | ११ | ४२ | ३३ | ३९३५६ | १२७.६४ |
| १३. | | मध्यनेपाल नगरपालिका | १० | | | २३३८५ | ११३.८६ |
| १४. | | राईनास नगरपालिका | १० | | | १८५२७ | ७१.९७ |
| १५. | | सुन्दरबजार नगरपालिका | ११ | | | २६८६१ | ७२.०५ |
| १६. | | क्व्होलासोथार गाउँपालिका | ९ | | | १००३२ | १७५.३७ |
| १७. | | दुधपोखरी गाउँपालिका | ६ | | | १०९७५ | १५३.३३ |
| १८. | | दोर्दी गाउँपालिका | ९ | | | १८३९२ | ३५०.९३ |
| १९. | | मर्स्याङ्दी गाउँपालिका | ९ | | | १८७५९ | ५९७.२५ |
| २०. | ३. तनहुँ | भानु नगरपालिका | १३ | ४८ | ३७ | ४५७९२ | १८४.०० |
| २१. | | भीमाद नगरपालिका | ९ | | | ३१३६२ | १२९.०० |
| २२. | | व्यास नगरपालिका | १४ | | | ७०३३५ | २४८.०० |
| २३. | | शुक्लागण्डकी नगरपालिका | १२ | | | ४८४५६ | १६५.०० |
| २४. | | आँबुखैरेनी गाउँपालिका | ६ | | | २०७६८ | १२८.०० |
| २५. | | ऋषिङ्ग गाउँपालिका | ८ | | | २५८७० | २१५.०० |
| २६. | | घिरिङ्ग गाउँपालिका | ५ | | | १९३१८ | १२६.०० |
| २७. | | देवघाट गाउँपालिका | ५ | | | १६१३१ | १५९.०० |
| २८. | | म्याग्दे गाउँपालिका | ७ | | | २२५०२ | ११५.०० |
| २९. | | बन्दिपुर गाउँपालिका | ६ | | | २००१३ | १०२.०० |
| ३०. | ४. स्याङ्जा | गल्याङ नगरपालिका | ११ | ५८ | ३९ | ३६९६७ | १२२.७१ |
| ३१. | | चापाकोट नगरपालिका | १० | | | २६०४२ | १२०.५९ |
| ३२. | | पुतलीबजार नगरपालिका | १४ | | | ४४८७६ | १४७.२१ |
| ३३. | | भीरकोट नगरपालिका | ९ | | | २५५८३ | ७८.२३ |
| ३४. | | वालिङ नगरपालिका | १४ | | | ५११४३ | १२८.४० |
| ३५. | | अर्जुनचौपारी गाउँपालिका | ६ | | | १६१७६ | ५७.२२ |
| ३६. | | आँधिखोला गाउँपालिका | ६ | | | १६५८९ | ६९.६१ |
| ३७. | | कालीगण्डकी गाउँपालिका | ७ | | | २१७२८ | ७३.५१ |
| ३८. | | फेदीखोला गाउँपालिका | ५ | | | १२३४१ | ५६.७३ |
| ३९. | | विरुवा गाउँपालिका | ८ | | | १८४१३ | ९५.७९ |
| ४०. | | हरिनाश गाउँपालिका | ७ | | | १७३४३ | ८७.४८ |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| क्र.सं. | जिल्ला | न.पा./गा.पा. | वडा संख्या | | | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | नपाको जम्मा वडा | गापाको जम्मा वडा | | |
| ४१. | ५. कास्की | पोखरा लेखनाथ महानगरपालिका | ३३ | ३३ | ३९ | ४१४१४१ | ४६४.२४ |
| ४२. | | अन्नपूर्ण गाउँपालिका | ११ | | | २३४१७ | ३३.३३ |
| ४३. | | माछापुच्छ्रे गाउँपालिका | ९ | | | २१८६८ | ५४४.५८ |
| ४४. | | मादी गाउँपालिका | १२ | | | १८१५३ | ५६३.०० |
| ४५. | | रुपा गाउँपालिका | ७ | | | १४५१९ | ९४.८१ |
| ४६. | ६. मनाङ्ग | चामे गाउँपालिका | ५ | ० | २८ | ११२९ | ७८८६.०० |
| ४७. | | नारफु गाउँपालिका | ५ | | | ५३८ | ८३७.५४ |
| ४८. | | नासोङ्ग गाउँपालिका | ९ | | | १९३८ | ७०९.५८ |
| ४९. | | नेस्याङ्ग गाउँपालिका | ९ | | | २२२२ | ६९४.६३ |
| ५०. | ७. मुस्ताङ्ग | घरपझोङ्ग गाउँपालिका | ५ | ० | २५ | ३०२९ | ३१६.०० |
| ५१. | | खासाङ्ग गाउँपालिका | ५ | | | २९१२ | २८९.०० |
| ५२. | | दालोमे गाउँपालिका | ५ | | | १४२३ | १३४४.०० |
| ५३. | | लोमन्थाङ्ग गाउँपालिका | ५ | | | १८९९ | ७२७.०० |
| ५४. | | बाहगाउँ मुक्तिक्षेत्र गाउँपालिका | ५ | | | २३३० | ८८६.०० |
| ५५. | ८. म्याग्दी | बेनी नगरपालिका | १० | १० | ३५ | ३३४९८ | ७६.५७ |
| ५६. | | अन्नपूर्ण गाउँपालिका | ८ | | | १३३१५ | ५५६.४१ |
| ५७. | | धौलागिरी गाउँपालिका | ७ | | | १४१०४ | १०३७.०० |
| ५८. | | मङ्गला गाउँपालिका | ५ | | | १६२८६ | ८९.०० |
| ५९. | | मालिका गाउँपालिका | ७ | | | १९४५८ | १४७.०० |
| ६०. | | रघुगङ्गा गाउँपालिका | ८ | | | १५७५३ | ३७९.०० |
| ६१. | ९. पर्वत | कुश्मा नगरपालिका | १४ | २५ | ३६ | ३९६०० | ९३.१८ |
| ६२. | | फलेवास नगरपालिका | ११ | | | २४६८७ | ८५.७० |
| ६३. | | जलजला गाउँपालिका | ९ | | | २१४५४ | ८२.२६ |
| ६४. | | पैयुँ गाउँपालिका | ७ | | | १५३८१ | ४२.६५ |
| ६५. | | महाशिला गाउँपालिका | ६ | | | ९८५७ | ४९.३८ |
| ६६. | | मोदी गाउँपालिका | ८ | | | २१२८४ | १४३.६० |
| ६७. | | बिहादी गाउँपालिका | ६ | | | १३४०३ | ४४.८० |
| ६८. | १०. बागलुङ्ग | बागलुङ्ग नगरपालिका | १४ | ४४ | ४१ | ५७८२३ | ९८.०१ |
| ६९. | | गलकोट नगरपालिका | ११ | | | ३३०९७ | १९४.३९ |
| ७०. | | जैमिनी नगरपालिका | १० | | | ३१४३० | ११८.७१ |
| ७१. | | ढोरपाटन नगरपालिका | ९ | | | २६२१५ | २२२.८५ |
| ७२. | | बरेङ्ग गाउँपालिका | ५ | | | १४४९२ | ७५.२८ |
| ७३. | | कोठेखोला गाउँपालिका | ८ | | | २२८६५ | ८२.८८ |
| ७४. | | तमानखोला गाउँपालिका | ६ | | | १०६५९ | १७८.०२ |
| ७५. | | ताराखोला गाउँपालिका | ५ | | | १२००९ | १२९.५३ |
| ७६. | | निसीखोला गाउँपालिका | ७ | | | २०६११ | २४४.३७ |
| ७७. | | बढीगाड गाउँपालिका | १० | | | ३०९०६ | १७८.६८ |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| क.सं. | जिल्ला | न.पा./गा.पा. | वडा संख्या | | | जनसंख्या | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | नपाको जम्मा वडा | गापाको जम्मा वडा | | |
| ७८. | ११. नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | कावासोती नगरपालिका | १७ | ६७ | २५ | ६२४२१ | १०८.३४ |
| ७९. | | गैंडाकोट नगरपालिका | १८ | | | ५८८३६ | १५९.९३ |
| ८०. | | देवचुली नगरपालिका | १७ | | | ४२६०३ | ११२.७२ |
| ८१. | | मध्यविन्दु नगरपालिका | १५ | | | ५४१४० | २३३.३५ |
| ८२. | | बुङ्दीकाली गाउँपालिका | ६ | | | १५७३४ | ९१.८७ |
| ८३. | | बुलिङटार गाउँपालिका | ६ | | | १९१२२ | १४७.६८ |
| ८४. | | बिनयीत्रिवेणी गाउँपालिका | ७ | | | २५०३६ | २६७.१३ |
| ८५. | | हुप्सेकोट गाउँपालिका | ६ | | | २५०६५ | १८९.२१ |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा